# काठमाडौँ महानगरपालिका

यें महानगरपालिका

# स्थानीय राजपत्र


काठमाडौँ महानगरपालिकाद्वारा प्रकाशित

वर्ष ७) काठमाडौँ, साउन ११ गते, २०८० साल


## भाग १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम काठमाडौँ महानगरपालिकाको नगरसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### संवत् २०८० सालको ऐन नं. ७

# काठमाडौँ महानगरपालिकामा कार्यरत कर्मचारीहरूको सेवा सर्त एवम् सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ लाई संशोधन गर्न बनेको ऐन, २०८०

**प्रस्तावना** : काठमाडौँ महानगरपालिका कर्मचारी सेवा ऐन, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

काठमाडौँ महानगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम **"काठमाडौँ महानगरपालिका कर्मचारी सेवा (दोस्रो संशोधन) ऐन, २०८०"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **काठमाडौँ महानगरपालिका कर्मचारी ऐन, २०७७ को दफा ८३ को उपदफा (२) मा संशोधन** : काठमाडौँ महानगरपालिका कर्मचारी ऐन, २०७७ को दफा ८३ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

(२) उपदफा (१) बमोजिम करार सेवाका कर्मचारीहरू स्थायी हुने परीक्षामा सहभागी हुन अनिच्छुक भई सेवाबाट अलग हुन चाहेमा वा परीक्षाको प्रक्रिया शुरु हुनु अगावै सेवाबाट अलग हुन चाहेमा त्यस्ता कर्मचारीहरूले संवत् २०८० चैत्र मसान्तभित्र राजिनामा दिई महानगरपालिकाको सेवाबाट अलग हुँदा देहायबमोजिमको सुविधा प्राप्त गर्ने छन् :

(क) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेका कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब ।

(ख) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म सेवा गरेको कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब ।

(ग) पन्ध्र वर्षभन्दा बढी बीस वर्षसम्म सेवा गरेको कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब ।

(घ) बीस वर्षभन्दा बढी सेवा गरेको कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी दुई महिनाको तलब ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम काठमाडौं महानगरपालिका नगर सभाको तेह्रौ अधिवेशनबाट स्वीकृत काठमाडौं महानगरपालिका कर्मचारी सेवा (दोस्रो संशोधन) ऐन, २०८० प्रमाणीकरण गरिएको छ ।

प्रमाणीकरण मिति : २०८०/०४/११

**आज्ञाले**
**बसन्त अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**